जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २१४ पृष्ठः ४ | २०८२ पुस ०१ मंगलबार (Tuesday 16 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## प्रादेशिक अस्पतालको जग्गा रजिस्ट्रेसनका लागि लाभकर मिनाहा



**मणिलाल विश्वकर्मा**

लहान, २९ मंसिर। सिरहाको लहान नगरपालिका–३ स्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको करिब साढे चार दशकदेखि हकभोगमा रहेको जग्गा रजिस्ट्रेसनका लागि लाग्ने लाभकर सरकारले छुट दिने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को सोमबार सम्पन्न बैठकले अस्पतालको हकभोगमा रहेको जग्गा रजिस्ट्रेसनका लागि लाभकरबापत लाग्ने एक करोड ३४ लाख ९५ हजार ९५९ रुपैयाँ छुट दिने निर्णय गरेको हो। सरकारको निर्णयपछि सिरहाको पूर्वी, सप्तरीको पश्चिमी र उदयपुर जिल्लाको दक्षिणी भेगका बिरामी आउने अस्पतालको भौतिक संरचना निर्माणसहित स्तरोन्नति र सेवा विस्तार गर्न सहज हुने भएको छ।

सामाजिक अभियन्तासमेत रहेकी लहानस्थित होप फाउन्डेसन नेपालकी अध्यक्ष पार्वती सुब्बाले उपचारका लागि बाहिर जान नसक्ने बिरामीहरू पुग्ने प्रादेशिक अस्पतालको जग्गा रजिस्ट्रेसन गर्दा लाग्ने लाभकर छुट दिने निर्णय गरेर गरिब विपन्न समुदायका लागि पनि सरकार छ भन्ने कुराको अनुभूति दिलाएको बताइन्। 'त्यसका लागि स्थानीयदेखि केन्द्रसम्म पहल गर्नेहरूलाई यो भेगका जनताले सदैव सम्झिरहने छन्,' उनले भनिन्।

विभिन्न कारणले रोकिएको जग्गा रजिस्ट्रेसनका लागि संघीय सरकारले लाभकर छुट गरिदिने निर्णय गरेर यो भेगका जनताका लागि पुण्यको काम गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहताले बताए। 'स्थानीय जनताको माग र आवश्यकतालाई मध्यनजर गर्दै सरकारले जुन निर्णय गरेको छ, त्यसले सिंगो सिराहावासीसहित अस्पताल परिवार हर्षित छौं,' उनले भने।

मन्त्रिपरिषद् बैठकले जग्गाधनी पवनकुमार शारदा र मुरारीलाल मुरारकाको संयुक्त नाममा दर्ता कायम रहेको लहान नगरपालिका–७ (क) स्थित कित्ता नं. २४८, २४९, ३२७ र ३३० को गरी एक बिघा १५ कठ्ठा १० धुर जग्गा तथा त्यसमा बनेको भवनसमेतको कायम हुने १७ करोड ९९ लाख ४६ हजार एक सय आठ रुपैयाँ १० पैसा

**–बाँकी तीन पेजमा**

## प्रथम गोलबजार फुटबल प्रतियोगिता : सरस्वती मावि सेमिफाइनल प्रवेश




गोलबजार, २९ मंसिर। गोलबजार स्पोर्ट्स क्लबको आयोजना संचालित 'प्रथम गोलबजार नगर स्तरीय बिद्यालय फुटबल प्रतियोगिता २०८२' को नवौं खेल सम्पन्न भयो। सरस्वती मावि गोलबजार ३ ले जनता मावि गोलबजार ९ लाई ६–० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। खेलको म्यान अफ दि म्याचको पुरस्कार सरस्वती माविका जर्सी नम्वर १० का अरबिन्द सदाले जिते। उनलाई शुभश्रीका प्रिन्सिपल श्याम लामा र यस ममका संचालक मनु स्याङदनले संयुक्तरूपमा पुरस्कार प्रदान गरे। भोलि हुने प्रतियोगिताको अन्तिम क्वाटरफाइनल खेल भोलिको शुभश्री स्कुल गोलबजार ६ र शान्तिनिकुन्ज आवासीय विद्यालय गोलबजार ७ बिच दिउँसो २:०० बजेबाट हुनेछ।

**मतदानमा सहभागी बनौं।**

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
- मतदाता नामावलीमा आ  नो नाम दर्ता भए नभएको एकिन गरौं।
- मतदान स्थल, केन्ऽ र समयको बारेमा जानकारी राखौं।
- मतदान गर्न जाँदा मतदाता परिचयपुत्र अनिवार्यरुपमा लिएर जाऔं।
- दबाब र प्रभावमा परी मतदान नगरौं।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ज्येष्ठ नागरिकलाई न्यानो सिरक र सरसफाइ सामग्री सहयोग



**मणिलाल विश्वकर्मा**

लहान, २९ मंसिर। बढ्दो जाडोलाई मध्यनजर गर्दै सिरहाको धनगढीमाई नगरपालिका– २ भवानीपुरमा ज्येष्ठ नागरिकहरुलाई न्यानो फाइबर सिरक र सरसफाइ सामग्री वितरण गरिएको छ। करिब डेढ वर्षदेखि स्थानीय ज्येष्ठ नागरिकहरुको स्वास्थ्योपचार, पोषणसहित हेरचाहका लागि काम गर्दै आएको स्थानीय 'बुद्यौली बचाऊ अभियान नेपाल'ले आइतबार भवानीपुर क्षेत्रका सयजना ज्येष्ठ नागरिकहरुलाई एक/एक थान फाइबर सिरक, साबुन र मञ्जन वितरण गरेको हो।

स्थानीय सरकार, पार्टी प्रतिनिधिहरुको उपस्थितिमा ज्येष्ठ नागरिकहरुका लागि न्यानो सामग्री वितरण गरिएको अभियानका अध्यक्ष दिपेश चौधरीले जानकारी दिए। अभियानका कार्यकारी निर्देशकसमेत रहेका सामाजिक अभियन्ता रामजी साहले पछिल्लो वर्ष पनि २८ मंसिरकै दिनदेखि थालिएको न्यानो सिरक वितरणलाई निरन्तरता दिइएको बताए। 'हरेक वर्ष २८ मंसिरमा न्यानो सिरक, १० अक्टोवरमा ज्येष्ठ नागरिक दिवस, ८ असारमा अभियानको जन्मोत्सव र ३ चैतमा ज्येष्ठ नागरिकका लागि स्वास्थ्य शिविर चलाउँदै आएको छौं,' उनले भने, 'वर्षको चार दिन ज्येष्ठ नागरिकहरुलाई लक्षित गरेर विशेष कार्यक्रम गर्दै आएका छौं।'

**जनसहयोग अभियान जारी**

कामको अनुभव, ज्ञान र सीप हुँदा हुँदै प्रायः बुद्यौलीको कारणले पारिवारिक विभेद, अपमानको सामना गरिरहेका ज्येष्ठ नागरिकहरुका लागि बुद्यौली समाज जनसहयोग अभियान निरन्तर संचालन भइरहेको उनले बताए। उनका अनुसार अभियान अन्तर्गत कात्तिक महिनासम्म घरदैलो अभियानमार्फत अभियानको खर्च कटौती गरी एक लाख १७ हजार २४७ रुपैयाँ बैंक मौज्दात रहेको छ।

**–बाँकी तीन पेजमा**



GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## तथ्यहीन, हल्का र प्रतिशोधपूर्ण आलोचनामा विश्वास नगरौँ !

न्यायाधीश समाज, नेपालले न्यायपालिका र न्यायकर्मीहरूमाथि सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत भइरहेका कडा टिप्पणी र आक्रामक आलोचनाप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। समाजले आइतवार विज्ञप्ति जारी गरी नागरिकको न्यायिक स्वतन्त्रताको सुनिश्चित हुनुपर्नेमा विवाद नभए पनि न्यायिक स्वतन्त्रताको अर्थ 'न्यायिक स्वच्छन्दता' होइन भन्ने स्पष्ट पारेको हो। लोकतन्त्रमा आलोचना महत्त्वपूर्ण भए पनि त्यसका नाममा नियोजितरूपमा संस्थाको जग र जनआस्थामाथि नै प्रहार गर्न थालियो भने त्यसले विधिको शासनलाई कमजोर बनाउँछ। अहिले नेपालमा लोकतन्त्रका सबै आधारस्तम्भमा प्रहार गर्ने नियोजित अभियान नै चलाइएको छ। न्यायपालिकालाई पनि यसको अपवाद हुन दिइएको छैन।

सर्वोच्च अदालतलगायत अदालतका भौतिक संरचना ध्वस्त पार्नेदेखि न्यायाधीशहरूमाथि भइरहेका नकारात्मक टिप्पणीले समाजलाई दिग्भ्रमित गर्ने जोखिम बढेको छ। यस्तो अवस्थामा न्यायपालिकाको प्रतिरक्षामा नागरिक अगुवाहरू र मूलधारमा सञ्चार माध्यमहरूले आवाज उठाउनुपर्थ्यो। तर, नेपाली जनजीवनको सबै पक्षमा अहिले भिडसँग डराएर नबोल्ने वा भिडको पछि लाग्ने मानसिकता देखिन्छ। सम्भवतः यही कारणले पनि न्यायाधीश समाज न्यायपालिकाको प्रतिरक्षामा उत्रेको हो। समाजका अनुसार पछिल्ला दिनहरूमा न्यायालयप्रति भए गरिएका टिप्पणीहरू 'सुधारको भावनाबाट प्रेरित रहेको भन्दा पनि पूर्वाग्रहपूर्ण, प्रतिशोधपूर्ण र तथ्यहीन' छ। विधिको शासनको मूल स्तम्भका रूपमा रहेको न्यायपालिकाको भावनाको प्रतिनिधित्व गर्ने न्यायाधीशहरूको संस्थाको यस्तो गम्भीर टिप्पणीको अवज्ञा हुनुहुँदैन।

संयम र गम्भीरताको आवश्यकता न्यायपालिकामाथि भइरहेका प्रहारप्रति न्यायाधीशहरूमात्र होइन सचेत नागरिक र विशेषगरी राजनीतिक नेतृत्व गम्भीर हुन जरुरी देखिन्छ। राजनीतिक दाउपेच वा व्यक्तिगत स्वार्थका आधारमा अदालतका फैसलाहरूलाई सडकमा उफार्ने प्रवृत्तिले न्याय सम्पादन प्रक्रियालाई प्रभावित पार्ने जोखिम बढ्छ। न्यायपालिकालाई विवादमा तान्दा क्षणिक राजनीतिक लाभ त होला तर यसले दीर्घकालीनरूपमा राज्यका आधारस्तम्भ कमजोर बनाउँछ।

अर्कोतिर, न्याय पाउन नसकेका नागरिकको असन्तुष्टिजन्य गुनासाहरू र न्यायपालिकाप्रति द्वेष राखेर गरिने प्रचारबाजीलाई एउटै दृष्टिबाट हेर्नु पनि हुँदैन। कतै न्यायपालिकाको कार्यसम्पादनमा भएको कमजोरीले जन गुनासो बढाएको त छैन भनेर न्यायाधीहरूले पनि मनन गर्नु जरुरी हुन्छ। समाजमा किन र कसरी न्यायालयप्रति अविश्वास बढिरहेको छ भन्ने पक्षलाई केलाएर त्यसको समाधान खोजिनुपर्छ। यसैले 'न्याय ढिलो हुनु न्याय नदिनु सरह हो' भन्ने मान्यतालाई आत्मसात् गरिनुपर्छ। यस्तै न्यायालयभित्रको ढिलासुस्ती, प्रक्रियागत झन्झट र कहिलेकाहीँ फैसलाहरूमा देखिने विरोधाभासले नै जनसाधारणमा असन्तुष्टि पैदा गर्ने हो। न्यायाधीशहरूले यी असन्तुष्टिका कारणहरू पहिचान गरी न्याय सम्पादनलाई पारदर्शी, छिटो छरितो र निष्पक्ष बनाउन सके जनगुनासो साम्य हुनेछ। बदनियत राखी गरिने आलोचना न्यायालयको छविमा सुधार भएसँगै प्रभावहीन हुनेछ।

न्यायाधीशहरूका लागि सबैभन्दा ठूलो चुनौती 'पपुलिजम' वा भिडको मनोविज्ञानबाट जोगिनु हुनपुगेको देखिएको छ। सञ्चार माध्यम वा सामाजिक सञ्जालमा कुन पक्षमा जनमत बढी देखिन्छ अर्थात् हावा कतातिर बहिरहेको छ भन्ने आधारमा न्यायिक फैसला प्रभावित हुनु हुँदैन। न्यायाधीशहरू भिडको पछि लागे भने न्याय मर्छ। अदालतले त भावना वा सडकको दबाबमा होइन संविधान, कानुन र प्रमाणका आधारमा बोल्नुपर्छ।

न्यायपालिकाको स्वतन्त्रता र गरिमा बचाउनु राज्यका सबै अंग र नागरिकको साझा दायित्व हो। सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि रचनात्मक आलोचना तथा मानमर्दनबीचको लक्ष्मणरेखा बुझ्न जरुरी छ। अदालत र न्यायाधीशमाथि अनर्गल प्रहार गर्नेले हेक्का राख्नुपर्छ आफैँमाथि अन्याय भए न्याय माग्न त त्यहीँ जानुपर्छ। अर्कोतर्फ, न्यायालयले पनि आफ्नो कार्यशैलीमा सुधार ल्याएर जनआस्था पुनःस्थापित गर्नुपर्छ। न्यायालय निष्पक्ष र नागरिक अनुशासित भएमात्र विधिको शासन बलियो हुने हो। विधिको शासन कमजोर भएमा लोकतन्त्रका अरू अवयवहरूले पनि काम गर्न सक्तैनन्। यसैले अधिनायकवादीले नियोजितरूपमा अदालतप्रति अनास्था फैलाउँछन्।

# एमाले महाधिवेशन र शुष्क वैचारिकता

**रोशन जनकपुरी**

विचार र राजनीतिक लक्ष्यबाट विमुख राजनीतिक दलहरू 'ग्याङ' भन्दा बढी हुँदैनन्। यस्ता दलहरूमा मुख्य राजनीतिक नेतृत्व कुनै एकल वर्चस्वको सर्वसत्तावादी 'सुप्रिमो', जसले पार्टी विधान, नीति तथा कार्यक्रमलाई आफ्नो वर्चस्व कायम राख्न जेसुकै गर्न तत्पर रहे जस्तो हुन्छ। यस्तोमा अन्य नेतृत्व र कार्यकर्ताहरू गच्छे अनुसार संगठन र सत्ताको पद कब्जा गर्ने होडमा लागेको हुन्छन्। यस्ता राजनीतिक पार्टीहरू चरित्रगत रूपमा नै अवसरवादीहरूको जत्थामा परिणत हुने गर्छ। आफूलाई वर्गसंघर्ष र सर्वहारा श्रमिकवर्गको पक्षधर भन्ने कम्युनिस्ट पार्टीहरू, जसका निम्ति राज्यसत्ता वर्गसंघर्षको राजनीतिमा सर्वहारा श्रमिकवर्गीय राजनीतिक लक्ष्य प्राप्तिको साधन मात्र मानिन्छ, उनीहरूको विचारविमुखताले उत्पन्न अवसरवादिता र सांगठनिक अराजकता झन् निर्मम रूपमा देखिने गर्छ।

वर्गसंघर्षबाट विमुख र सत्ता मात्रको आकांक्षा राख्ने यस्तो राजनीतिक प्रवृत्तिलाई लेनिनले दक्षिणपन्थी अवसरवादी प्रवृत्ति भनेका थिए। संगठन राजनीतिक विचार र लक्ष्यप्रति प्रतिबद्ध कार्यकर्ताप्रधान (क्याडरबेस) अनुशासित हुने कि 'डिबेटिङ्ग क्लब' (गफ गर्ने थलो) जस्तो बहुलमतीय 'मासबेस' (निवर्गीय जनाधारित) हुने ? यिनै राजनीतिक विवादका कारण लेनिनकालको रसियाली सामाजिक जनवादी पार्टीमा मेन्सेविक र बोल्सेभिकका रूपमा विभाजन भएको थियो। लेनिनले वर्गसंघर्ष र अनुशासनबद्ध क्याडरबेस वैचारिक पार्टीको पक्षमा अगुवाइ गरेका थिए। बोल्सेभिक पार्टीले सन् १९१७ मा सोभियत रुसमा सर्वहारावादी क्रान्तिलाई अन्तिम निष्कर्षमा पुऱ्याएको थियो।

यस दृष्टिकोणबाट विचार गर्दा नेपाली कम्युनिस्ट आन्दोलनमा अहिले 'मेन्सेभिक' हरूको बोलबाला छ। लेनिनले वैचारिक र अनुशासनबद्ध क्रान्तिकारी पार्टी निर्माणका निम्ति जनवादी केन्द्रियताको सांगठनिक सिद्धान्तको विकास गरेका थिए। 'पार्टीको नीतिगत निर्णय गर्ने बेला संगठनको तल्लो कमिटी समेतले स्वतन्त्रतापूर्वक बहसमा भाग लिने, राय दिने र बहुमतको आधारमा निर्णय भइसकेपछि बिना कुनै अपवाद यसलाई एकमतले लागू गर्ने अर्थात् निर्णय प्रक्रियामा जनवाद र कार्यान्वयनमा केन्द्रियता' जनवादी केन्द्रियतालाई सरल शब्दमा यसरी नै परिभाषित गर्न सकिन्छ।

महाधिवेशन पार्टीको सर्वोच्च संस्था हो, जहाँ पार्टीको तल्लो कमिटी समेतबाट आएका प्रतिनिधिहरूले पार्टीको राजनीतिक, रणनीतिक र कार्यनीतिक नीति, दिशा र कार्यक्रम तय गर्छन्। विशिष्ट परिस्थिति बाहेक, एउटा महाधिवेशनमा गरिएका निर्णयहरूलाई अर्को महाधिवेशनले मात्र संशोधन वा बदर गर्न सक्छ। नेकपा (एमाले) मा अहिले यस्तै महाधिवेशन मञ्चन भइरहेको छ। 'मञ्चन' किन भनियो भने, प्रायः विचार भन्दा पनि प्रमुख नेतृत्वको वर्चस्व हुने गरेको अहिलेको मूलधारका भनिने संसदीय कम्युनिस्ट पार्टीहरूमा महाधिवेशनका निर्णयहरू औपचारिकता निर्वाह गरे जस्तो मात्रै हुने गरेको छ।

सैद्धान्तिक रूपमा महाधिवेशन सर्वोच्च संस्था भनिए पनि प्रमुख नेतृत्वले केन्द्रीय समितिलाई उपयोग गरेर महाधिवेशनको निर्णयमा हेरफेर गर्ने गरेका छन्। एमालेमा यो पुरानै रोग हो। हुन त, एमालेमा नवीन विचार भनिने, पाँचौँ महाधिवेशनमा महासचिव मदन भण्डारीबाट प्रस्तावित 'जनताको बहुदलीय जनवाद' को कार्यक्रम आफैमा संशोधनवादी विचार हो। तथापि मदन भण्डारीले यसलाई समाजवादी लक्ष्य प्राप्त गर्न तात्कालिक कार्यक्रमका रूपमा अवलम्बन गरेका थिए।

०४९ सालमा एमालेको पाँचौँ महाधिवेशनमा प्रस्तुत गरेको जबजको दस्तावेजमा उनले पार्टीलाई सर्वहारा श्रमिकवर्ग तथा उत्पीडित समुदायकै पार्टी भनेका थिए। उनले जबजको कार्यक्रमलाई 'संसदीय घेरामा शान्तिपूर्ण संघर्ष' भने पनि क्रान्ति सम्पन्न गर्न 'वर्गसंघर्ष नै मूल र आधारभूत' हुने जिकिर गरेका थिए। मदन भण्डारीले समाजवादी क्रान्तिका निम्ति मूर्त सर्वहारावादी क्रान्तिलाई अमूर्त संसदीय र असंसदीय जनसंघर्षका रूपमा अवसरवादी संशोधन गरेका थिए। तर पनि उनले वर्गसंघर्ष र सर्वहारावादी श्रमिकवर्गीय पक्षधरताको थेगो भने छाडेका थिएनन्।

संशोधनवादी संसदीय शान्तिपूर्ण कार्यनीति नै भएपनि उनले एउटा वैचारिक र अनुशासित पार्टीकै वकालत गरेका थिए। तर संसदीय झन्झट र झमेलाको प्रभाव यति जब्बर भयो कि एमाले संशोधनवादी अमूर्त 'जनसंघर्ष' को वैचारिकताबाट समेत टाढिँदै गयो। ०६५ सालमा एमालेको आठौँ महाधिवेशनमा 'जबज' लाई कार्यक्रमबाट पार्टीको मार्गदर्शक सिद्धान्तमा परिणत गरियो। यससँगै समाजवादी रूपान्तरणका निम्ति शान्तिपूर्ण संसदीय बाटो एमालेको निरपेक्ष र स्थायी राजनीतिक लाइन बन्यो।

वस्तुतः नाम मदन भण्डारीको चले पनि यो उनको संशोधनवादी लाइनबाट पनि सम्बन्धविच्छेद थियो। अब एमालेमा वर्गसंघर्ष, सर्वहारावाद र श्रमिकवर्गीय सामाजिक रूपान्तरणका निम्ति संघर्ष बहसको केन्द्रमा रहेन। पार्टी होस वा संसद, चुनावी प्रवृत्ति सबैतिर हावी हुँदै गयो, र सत्ताका निम्ति संसद र संसदका निम्ति पार्टीमा वर्चस्व, अवसरवादी प्रतिस्पर्धाका निम्ति गलाकाट संघर्षको असम्वेदनशील प्रवृत्ति मुख्य हुँदैगयो। पार्टीमा गुटगत बहुमत यति जब्बर भयो कि पार्टीका कुनै पनि बैठकका निर्णयहरू मुख्य नेतृत्वको हित प्रतिकूल भएनन्। यहाँसम्म कि पार्टीको सर्वोच्च निकाय महाधिवेशनमा पारित भएका निर्णयसमेत निहुँ झिकेर परिवर्तन वा बदर गरिन थालियो।

एमालेमा विगत केही महाधिवेशनदेखि विधान अधिवेशन र राष्ट्रिय महाधिवेशन फरक–फरक गर्ने परम्परा सुरु भएको छ। विधान महाधिवेशनमा पनि पार्टीको तल्लो कमिटीबाट आएका प्रतिनिधिहरूको सहभागिता हुने गर्छ। तर अभ्यासले के देखाएको छ भने पार्टीमा विद्यमान 'सुप्रिमो' प्रभावका कारण उनको आवश्यकताअनुसार विधान महाधिवेशनका निर्णयहरू समेत फेरिन्छन्। भन्नलाई त यसलाई पनि लोकतान्त्रिक विधिकै तर्क दिइन्छ। तर यथार्थमा यो सुप्रिमोको हित अनुकूल हुने गर्छ र अन्ततः महाधिवेशन जस्तो पार्टीको सर्वोच्च निकायको अवहेलना गर्न पछि पर्दैन।

दसौँ महाधिवेशनमा पारित गरिएका निर्णयहरू मध्ये पार्टीको अध्यक्ष पदका निम्ति ७० वर्षे उमेरको हद र दुई कार्यकालको छेकबार वर्तमान अध्यक्ष ओलीका निम्ति अवरोधक थियो। गत भदौमा भएको विधान महाधिवेशनको बहुमतले यी दुवै छेकवार हटाएर एघारौँ महाधिवेशनमा ओलीका निम्ति अनुकूल स्थिति सृजना गरियो। यसै महाधिवेशनले सम्भवतः आफूलाई प्रगतिशील देखाउनका निम्ति केन्द्रीय समितिको सदस्य संख्या ३०१ बाट २५१ र पदाधिकारी संख्या १९ बाट १५ मा झारेको थियो। तर जतिबेला ओलीका विरुद्ध पार्टी बाहिर पूर्व राष्ट्रपति विद्या भण्डारी र उनको समर्थनमा पार्टी भित्रका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा बलियो नेतृत्वपंक्ति देखियो, अध्यक्ष ओलीका निम्ती असन्तुष्टहरुलाई फकाउन केन्द्रीय समिति भित्रको परिवर्तित संख्या अपुग भयो।

उनले विधान समितीले गरेको निर्णय केन्द्रीय समितीमा बहुमतका आधारमा उल्ट्याइदिए र पहिलाकै ३०१ सदस्यीय केन्द्रीय समिती र १९ सदस्यीय पदाधिकारी समितिको व्यवस्था महाधिवेशनबाट पारित गराउने प्रस्ताव तयार पारेका छन्। डा. सुरेन्द्र भण्डारी लगायत पोखरेल पक्षधर नेताहरुले यसको विरोध गरे तापनि यो खासै प्रभावकारी देखिएको छैन्। अग्नि खरेल प्रभृति ओली पक्षधर नेताहरु यसलाई लोकतान्त्रिक भनिरहेका छन्। उनीहरुले राष्ट्रिय महाधिवेशन विधान महाधिवशेन भन्दा अधिकार सम्पन्न हुने तर्क दिँदै यी संशोधनहरुको रक्षा गरिरहेका छन्। सबैका आ–आफ्ना तर्क छन्, तर यथार्थ के हो भने सत्ताका निम्ति पार्टीमाथि वर्चस्वको यस संघर्षमा हयाकुलो मिँचाई नै मुख्य नीति हो। विचार गर्दा, एघारौँ महाधिवेशनमा नेतृत्व चयनमा पनि यसै नीतिले निरन्तरता पाउने देखिन्छ।

जहाँसम्म वर्तमान एमालेमा मार्क्सवादी वैचारिकताको प्रश्नको प्रश्न छ, यहाँ यसखाले कुनै बहस छैन। केन्द्रीय समितीमा विविध क्षेत्र, लिङ्ग, जाति, संस्कृतिका निम्ती कोटा छुट्याइएको छ। यस कोटामा श्रमिकका निम्ति तीनवटा मात्र कोटा छन्। गज्जब छ नि ? कम्युनिस्ट पार्टी अर्थात् श्रमिकवर्गको प्रतिनिधि पार्टी, तर वर्ग प्रतिनिधित्व ३०१ मा तीनजना। पदाधिकारी र निर्णायक भूमिकाको त कल्पना नै नगरौँ। यो एमालेको वर्ग स्थानान्तरण हो, जो धेरै पहिले भइसकेको थियो। अहिले एमाले समाजको आमूल परिवर्तनको श्रमिकवर्गीय साधन होइन, यो सत्तावृत्तका अन्य राजनीतिक दल जस्तै एउटा झुण्ड हो, जसको उद्देश्य कम्युनिस्ट समाजवादको लफ्फाजी गर्दै सत्ताभोग गर्नु हो।

हुन त यो हविगत एमालेको मात्रै होइन, संसदीयवृत्तका प्रायः सबै कम्युनिस्ट पार्टीमा यही प्रवृत्ति देखिन्छ। एमाले र ओली केही बढी असहिष्णु र सबैको केन्द्रमा देखिएका मात्रै हुन्। गत भदौमा भएको जेनजी उथलपुथलले समेत तत्कालीन प्रधानमन्त्रीका रूपमा केपी ओली र उनको पार्टीलाई चौतर्फी निसानामा पारिदिएको छ। यस उथलपुथलले गर्दा ओलीले सत्ताबाट नराम्ररी बेदखल त हुनै पऱ्यो, पार्टीभित्र चुनौतीविहीन अवस्था पनि प्रभावित भएको छ। पूर्व राष्ट्रपति विद्या भण्डारीको एमालेमा पुनः आगमनलाई रोकेर उनी आफ्नो विकल्पको सम्भावना निषेध गर्न सफल भएपनि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा एउटा बलियो पङ्क्तिले उनलाई चुनौती दिइरहेको छ। ओली यस सङ्कटबाट कसरी पार पाउँछन्, हेर्नु रोचक हुनेछ। यद्यपि अहिलेसम्म उनी बलियो र बहुमतमै देखिन्छन्।

एमालेका वर्तमान अध्यक्ष केपी शर्मा ओली आठौँ महाधिवेशनमा अध्यक्षमा झलनाथ खनालबाट पराजित भए। तर ०७१ मा पार्टीको नवौँ महाधिवेशनमा उनले माधव नेपाललाई पराजित गरेर अध्यक्ष पदमा आसीन भएदेखि निरन्तर छन्। ०७८ मा दसौँ महाधिवेशनमा उनीसँग पराजित भएपछि भीम रावल अन्ततः पार्टीबाट बाहिरिन बाध्य भए र हाल प्रचण्ड–माधव नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीमा अस्तित्व जोगाउन प्रयत्नरत छन्। अहिले एघारौँ महाधिवेशनमा अध्यक्ष ओलीका

–बाँकी तीन पेजमा

## *एमाले महाधिवेशन...*

प्रतिस्पर्धीका रूपमा देखिएका ईश्वर पोखरेल आठौँ महाधिवेशनमा विजयी खनालको सहयोगीका रूपमा महासचिव पदमा चयन भएका थिए। तर नवौँ महाधिवेशनमा अध्यक्षमा विजयी ओली क्याम्पबाट पुनः महासचिवमा विजयी भए। प्रायः जेन्टलम्यान र चतुर सन्तुलित व्यवहारका निम्ति परिचित ईश्वर पोखरेल दसौँ महाधिवेशनमा सर्वसम्मत रूपमा वरिष्ठ उपाध्यक्ष चयन भए।

माधव नेपाल र झलनाथ खनाल एमालेमा हुँदा उनी दुई विरुद्धको संघर्षमा ओली क्याम्पको सबैभन्दा वरिष्ठ सेनापतिझैँ देखिने हालको वरिष्ठ उपाध्यक्ष पोखरेल नै आफू विरुद्ध मैदानमा उत्रिनु ओलीका निम्ति अत्यन्त नमिठो अनुभूत हुनु स्वाभाविक छ। यो कटुता अचेल उनको अभिव्यक्तिमा पटक–पटक सुनिने गर्छ। 'मेरा विरुद्ध अध्यक्षमा प्रतिस्पर्धा गर्नु लोकतान्त्रिक अधिकार नै हो, तर पराजित भएमा भीम रावल जस्तै बाहिरिनु न परोस्' भन्ने अभिव्यक्ति त्यसै कटुताका परिणाम हुन्। एमाले सांगठनिक रूपमा देशैभर फैलिएको प्रभावशाली पार्टी हो भन्नुमा दुई मत छैन, तर यसलाई वैचारिक रूपमा तुलना गर्नु उचित हुने छैन। यो एउटा संसदीय प्राविधिक पार्टी हो र यो लोकतन्त्रको नवउदारवादी परिभाषामा ठिक बस्छ। यद्यपि एमालेको एघारौँ महाधिवेशनमा चयन हुने नेतृत्वको प्रतीक्षा रोचक हुनेछ, कुनै तीव्र गतिको थ्रिलर फिल्म जस्तो, हेर्नुस्, रोमाञ्चित हुनुस्, तर कुनै अपेक्षा नराख्नु नै बेस। रातोपाटीबाट

# मिथिला लोककला 'अरिपन'

**मिथिलेश यादव**

सिरहा, २९ मंसिर। मिथिलाको लोकसंस्कृतिमा अरिपनको महत्त्व गहिरो छ। अरिपन विशेष गरी शुभ अवसरहरूमा बनाइन्छ। यो चामलको पिठो पानीमा मिसाएर बनाइन्छ र यसलाई रंग्याउन बेसार र सिन्दूर प्रयोग गरिन्छ। अरिपन मिथिला कलाको एक रूप हो, जुन मुख्यतया मिथिला क्षेत्र ( विहार मधेस लगायत) मा प्रचलित छ। आँगन, भुइँ र भित्ताहरूमा अरिपन चित्रकला सिर्जना गर्ने परम्परा मिथिलामा लामो समयदेखि चलिआएको परम्परा हो। विभिन्न उत्सव र चाडपर्वहरूका लागि विभिन्न प्रकारका अरिपनहरू बनाइन्छ। वेद र पुराणहरूमा अरिपनको उल्लेख छ।

महिलाहरू अरिपन बनाउने कलाबाट पछिल्लो समय टाढिँदै गए पनि गाउँ र सहरका केही ठाउँमा अझै जीवन्त छ। स्वस्तिक अरिपनको परम्परा वैदिक कालदेखि नै रहेको मानिन्छ। अरिपन वेदहरूमा सर्वतोभद्रको नामबाट आएको हो। प्राचीन समयमा ४१ वटा स्वस्तिकलाई एकसाथ जोडेर अरिपन बनाइन्थ्यो।

यसमा भगवान् विष्णुका चार हातको चित्रण गरिएको थियो। गरुड पुराणमा तुलसीको नजिकै अरिपन बनाउने उल्लेख छ। पुराणका अनुसार तुलसीको बोटबाट निस्कने स्वास्थ्यवर्धक वायुका कारण यो तुलसीमुनि बनाउने गरिन्छ। किंवदन्ती अनुसार यो तुलसीको बोटमुनि बनाइन्छ किनभने यसले स्वस्थवर्धक वायु निकाल्छ। आज पनि अरिपन तुलसीको नजिकै बनाइन्छ।

**अरिपनका प्रकारहरू**

अरिपनका धेरै प्रकारहरू छन्। प्रत्येकलाई फरक फरक अवसरका लागि फरक फरक तरिकाले तयार पारिन्छ। छठियार पूजा (नवजात शिशुको छैटौं दिनमा गरिने पूजा), मुण्डन, कर्ण छेदन, यज्ञोपवीत संस्कार, विवाह र द्वादशाका लागि विभिन्न अरिपन बनाइन्छ।



**तलुसी अरिपन**

यो अरिपन मकर संक्रान्ति र फागुन संक्रान्तिमा मनाइने तुषारी पूजाको शुभ अवसरमा बनाइन्छ। अविवाहित मैथिली केटीहरूले असल पतिका लागि प्रार्थना गर्न तुसारी पूजा गर्छिन्। यस अवसरमा तुसारीको अरिपन बनाउँछिन्। एउटा मन्दिरमा चन्द्रमा, सूर्य र नवग्रह बनाइन्छ साथै दिशाहरूलाई पनि दर्साउने गरिन्छ।

**साँझ अरिपन**

यो अरिपन सन्ध्या देवी ( साँझकी देवी) को सम्मानमा बनाउने गरिन्छ।

**षष्ठी अरिपन**

जब अविवाहित महिलाहरू यौवनावस्थामा पुग्छन्, षष्ठी पूजा गरिन्छ। यस अवसरमा यो अरिपन तयार पारिन्छ र षष्ठी देवीलाई पूजा गरिन्छ।

**कोजागरा अरिपन**

परम्परागत रूपमा आश्विन महिनाको पूर्णिमाको दिन मखनाको पातमा यो अरिपन बनाइन्छ। यो अरिपन नवविवाहित केटाको घरमा यो अरिपन तयार गरिन्छ। त्यसपछि चुमावन समारोह (विवाह समारोहसँग जोडिएको विधि) हुन्छ।

**दिवाली अरिपन**

दिवालीमा सामान्यतया जताततै रंगोली बनाइन्छ। यद्यपि मिथिला क्षेत्रमा यसलाई सुखरत्न अरिपन भनेर चिनिन्छ। यो घरमा देवी लक्ष्मीलाई स्वागत गर्न बनाइन्छ।

**स्वस्तिक अरिपन**

यो सबैभन्दा पुरानो अरिपन हो। यो युवापुस्तालाई आशीर्वाद दिन तयार पारिन्छ र हरेक शुभ अवसरमा बनाइन्छ।

**पञ्चदल अरिपन**

यो शक्ति पूजाको समयमा बनाइन्छ। यसले पाँचपत्रे कमललाई चित्रण गर्छ।

**सप्तदल अरिपन**

सातपत्रे कमल मिलेर बनेको यो अरिपन सप्तर्षिहरूलाई समर्पित गरिन्छ।

**अष्टदल अरिपन**

देव पूजा, सत्यनारायण पूजा र देवउत्थान एकादशीको समयमा अष्टदल अर्पन बनाइन्छ। यस अरिपनका आठ पँखेटा आठ हातधारी विष्णुको प्रतीक हुन्। यसबाहेक अरिपनमा मानिस, चराचुरुंगी, जनावर, रुख, पात, फूल, तान्त्रिक प्रतीक, यन्त्र, नवग्रह, सूर्य–चन्द्र, देवता–देवीहरू, बत्ती, नदी–पर्वत आदि जस्ता चित्रहरू बनाइन्छ।

मिथिला संस्कृतिमा अरिपनको विशिष्ट स्थान छ। अरिपन तन्त्रले उत्पन्न, व्रत–अनुष्ठान, सामाजिक संस्कार, पारिवारिक समारोह, शुभ अवसरसँग जोडिएको छ। यो मिथिलाको प्राचीन सांस्कृतिक परम्परा र मौलिक लोककला हो। अरिपनको प्राचीनताको सन्दर्भमा लगभग पाँच हजार वर्षपूर्वको सिन्धु घाँटी–सभ्यताको पुरावशेष, मुद्रामा पूर्ण विकसित प्रतीकका रूपमा पाइन्छ। मिथिला कलाको 'अरिपन' पुरातन नारीको ब्रह्माण्डोत्पतिसँग सम्बन्धित अवबोधको जीवित दस्ताबेज हो।

यो ज्यामितीय माध्यमले अभिव्यक्ति गरिने एउटा अवाचिक पद्धति हो। यो अपरिमित दैवी समाजसम्मको यात्राको लौकिक पथ हो। यसमा वृत, अर्धवृत, कुण्डली, कचनी, त्रिभुज, चतुर्भुज, षट्कोण, अष्टकोण र नक्षत्र, वृक्ष–लतादि, जलाशय, जीवजन्तु, विभिन्न दलको संख्या भएको कमल–दलले निर्मित एउटा छुट्टै संसारको रचना गरिन्छ।

# हेल्पिङ हार्टद्वारा गोलबजार ११ बलकावाको मदरसालाई शुद्ध पीउने पानीको प्रवन्ध

सिरहा, २९ मंसिर। गोलबजार नगरपालिकाकी उपमेयर मानती साहले विद्यालयमा शुद्ध पीउने पानीको व्यवस्थापनमा संस्थाको महत्वपूर्ण योगदान रहेको बताए। हेल्पिङ हयाण्ड युएसए नेपालको आर्थिक सहयोग र हेल्पिङ हार्टको समन्वयमा गोलबजार ११ बलकावास्थित मदरसा नुरुलइस्लामको प्राङ्गणमा निर्मित शुद्ध पीउने पानीको उद्घाटन गर्दै उपमेयर साहले अन्यक्षेत्रसँगै शुद्ध पीउने पानीको क्षेत्रमा महत्वपूर्ण योगदान रहेको बताएकी हुन्।




'हाम्रो अनुरोधमा गोलबजार नगरक्षेत्रका विभिन्न विद्यालयहरुमा शुद्ध पीउने पानीमा यस संस्थाले लगानी गर्दै अएको छ; उपमेयर साहले भनीन, 'यो संस्थाले महिलाहरुलाई शिपमुलक तालिम, अन्य व्यसायीक सहयोग, शिक्षा, स्वास्थ्यमा पनि राम्रो योगदान गरेको छ। संस्थाले गोलबजारका विद्यालयमा शुद्ध पानी पुर्यार महत्वपूर्ण योगदान गरेरको छ।' सोही क्रममा उनले नगरपालिकाको मूख्य नेतृत्वमा कुनै पनि वडालाई विकासको काममा विभेद नगरेको बताए। उनले भने, 'हाम्रो तर्फबाट कुनै दल वा व्यक्ति विशेषलाई धेरै विकास दिने र कसैलाइ थोरै बजेट दिएको छैन। हामीले सवैलाई समान व्यवाहार गरेका छौं जस्तो लाग्छ।'

नेपाल पेट्रोलियम संघका मधेश प्रदेश अध्यक्ष रामसगुन यादवले गौर सरकारी संस्था भनेको कुनै धर्म, राजनीति विशेषको हुँदैन। यो संस्थाले पनि समान ढङ्गले काम गरेको आफूले पाएको बताए। सोही क्रममा उनले गोलबजार नगरपालिकाले बजेट बाँडफाँटमा विभेद गरेको भन्दै आउँदा दिनहरुमा यसलाई सस्याउनु पर्नेमा जोड दिए। उद्घाटन कार्यक्रममा पत्रकार अर्जुन थपलिया, वडा नम्वर ११ का वडा अध्यक्ष शोयव अनवर मदरसाका सचिवलगायतले मन्तव्य व्यक्त गरेका थिए। वडा अध्यक्ष अनवरले बलकावाक्षेत्रका भुमिगत पानीमा अत्यधिक आईरन रहेकोले पीउन योग्यपानी नरहेको बताए। जसका कारण यहाँका विद्यार्थी झाडा पखाला, आउँ, छालाका रोगहरुबाट पीडित हुँदै आएको बताए। संस्थाले शुद्ध पीउने पानीको प्रवन्ध गरेपछि यस्ता समस्या कम हुने विश्वास व्यक्त गरे।

कक्षा ७ सम्म पढाई हुने यस मदरसामा ३३८ छात्र छात्राले अध्ययन गरिरहेका छन्। हेल्पिङ हार्टका उपाध्यक्ष मोहम्मद तल्हाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन उपमेयर साहले रिवन काटेर गरेका थिए। संस्थाले गोलबजार नगरपालिकाभित्रका सामुदायीक तथा संस्थागत विद्यालयहरुमा शुद्ध पीउने पानीको लागि उपकरण, ट्याङ्की, धाराजडान गरेको संस्थाले जनाएको छ।

## *प्रादेशिक...*

जग्गाधनीहरूले मधेश प्रदेश सरकारको नाममा हस्तान्तरण गर्दा आयकर ऐन, २०५८ को दफा ९५ क. को उपदफा (५) को खण्ड ( ख) बमोजिम लाग्ने लाभकर आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने निर्णय गरेको हो।

**सेवा विस्तारका लागि खुल्यो बाटो**

करिब ४५ वर्षअघिको जनसंख्या अनुसार १५ शय्याबाट सुरु भएको अस्पताल प्रदेश सरकारमातहत गएपछि ५० शय्यामा सञ्चालन भएपनि एक सय शय्या सञ्चालन गरी सेवा दिँदै आएको अस्पतालका पूर्वमेडिकल सुपरिटेन्डेन्ट डा. बृजेन्द्र साहले बताए। अस्पतालका रेडियोलोजी विभागका प्रमुखसमेत रहेका उनले भने, 'अस्पतालको स्वामित्वमा जग्गा आएपछि अब सेवा विस्तारको बाटो खुलेको छ।'

हाडजोर्नी, बालरोग, जनरल सर्जरी, जनरल मेडिसिनको सेवा दिँदै आएको अस्पतालको आफ्नै जग्गा भएपछि एक सय शय्या क्षमताको भवन निर्माणसहित सिटिस्क्यान, एमआरआई र विशिष्टीकृत उपचार सेवा विस्तार गरिने उनले बताए। 'जग्गा आफ्नो स्वामित्वमा ल्याउन स्थानीय अगुवाहरूसँगै मिलेर पूर्व मे.सु. डा. सुनीलप्रसाद कुशवाहाले गरेको प्रयास पनि उल्लेखनीय छ,' उनले भने।

वि.सं. २०३७ मा लहानका व्यावसायिक घरानाका रामकुमार शारदा र उमाप्रसाद मुरारकाका परिवारले अस्पतालका लागि एक बिघा १५ कठ्ठा १० धुर जग्गा दिएका थिए। दाता परिवारको तर्फबाट मुरारीलाल मुरारका अस्पतालको नाममा जग्गा रजिस्ट्रेसन गर्न तयार भए पनि लाग्ने लाभकर कसले तिर्ने भन्ने विषयमा अन्योल भएपछि छुटका लागि गत भदौको जेन–जी आन्दोलनपछि सरकार बनेसँगै स्थानीय अगुवा, अस्पताल परिवारले पहल थालेका थिए।

## *ज्येष्ठ नागरिकलाई...*

हरेक दृष्टिकोणले अनुभवी, मूल्यवान ज्येष्ठ नागरिकहरुको जीवन सशक्त बनाउँदै मर्यादासहित बाँच्ने वातावरण बनाउन अभियान थालिएको उनले बताए। हरेक महिना भवानीपुर गाउँ क्षेत्रका घरधुरी, जनप्रतिनिधि, राजनीतिकर्मी, पेशाकर्मी, समाजसेवीहरुबाट प्रत्यक्ष तथा अफलाइनमार्फत आर्थिक सहयोग जुटाइने र त्यसमा कार्यकारी निर्देशकले प्रतिघरधुरी पाँच रुपैयाँको दरले हुन आउने रकम एकमुष्ठ रुपमा संकलन हुने गरेको छ।

उक्त रकम ६० वर्षमाथिका कुनै पनि ज्येष्ठ नागरिकलाई उपचारका लागि अस्पताल लैजानु परे शतप्रतिशत एम्बुलेन्स खर्च र आर्थिक अवस्थाको आधारमा उपचारका लागि सहयोग उपलब्ध गराउने गरी नीति बनाइएको अभियानले जनाएको छ।

अभियानले सहयोगीहरुलाई थप प्रोत्साहित गर्न एक लाख वा सोभन्दा बढी सहयोग गर्नेलाई मुख्य संरक्षक, ५० हजारदेखि माथि ९९ हजार ९९९ सम्म स्वर्णदाता, २५ हजारदेखि ४९ हजार नौ ९९ रुपैयाँसम्म रजत दाता, १० हजारदेखि २४ हजार नौ सय ९९ कास्य दाताको रुपमा सूचीकृत गर्ने गरेको छ। त्यस्तै, पाँच हजारदेखि नौ हजार नौ सय ९९ साथी दाता, एक हजारदेखि पाँच हजार रुपैयाँसम्म सहयोगी दाता र पाँच रुपैयाँदेखि नौ सय ९९ रुपैयाँ सहयोग गर्नेको नाम स्नेहदाताको नाममा सूचीकृत गरी अभियानको वेबसाइटमार्फत सार्वजनिक गर्दै आएको छ।

# भारतीय तरकारीको भरमा लहान




**जीवछ यादव**

लहान, २९ मंसिर। लहान बजारमा स्थानीय तरकारी उत्पादन नभएका कारण भारतीय तरकारीको भरमा चलेको छ। भारतीय बजारबाट आउने तरकारीको सीमा क्षेत्रमा रहेको ठाडी बजारमा जाँच नहुँदा विषादीयुक्त तरकारी खान उपभोक्ताहरु बाध्यता छन्। बिहानै लहान नगरपालिकाको मुख्य चोकमा तीन भ्यान तरकारी भारतबाट आउने गर्दछ। त्यही तरकारी लहान धनगडी र गोलबजारसम्म खपत भइरहेको दैनिकी नै बनेको छ। यसवर्ष त स्थानीय तरकारी उत्पादन कम भएकाले ८० प्रतिशत तरकारी भारतीय बजारबाट नै आउने गरेको स्थानीय थोक र खुद्रा व्यापारीहरुले बताएका छन्।

यस वर्ष मात्रै होइन, हरेक वर्ष हरेक दिन भारतीय बजारका तरकारी आउने दैनिकी नै रहेपनि यसवर्ष त विगत वर्षको तुलनामा रेकर्ड नै कायम भएको एक थोक व्यापारीले बताएका छन्। थोक व्यापारी गुरु दयाल महतोको अनुसार के गर्ने ? कहाँबाट ल्याउने ? स्थानीय किसानहरुले यस वर्ष अहिलेसम्म कोभी, भान्टा, आलु, गोलभेडा, खुर्सानी, साग मूला लगायतका तरकारीहरु बजारमा पुऱ्याउन नसक्दा भारतीय तरकारी ल्याउनुपर्ने बाध्यता छ।

स्थानीय किसानहरुले उत्पादन गरेको तरकारी बजारमा आएको भए उपभोक्तालाई यति चर्को मूल्यमा तरकारी किन्नुपर्दैनथ्यो। यस वर्ष ढिलो वर्षा भएका कारण यस्तो समस्या देखिएको लहान नगरपालिका कृषि शाखाका प्रमुख प्रकाश साह हलुवाइले बताउनुभयो। उहाँका अनुसार कात्तिक अन्तिममा भएको वर्षाले यसवर्ष तरकारी खेतीमा क्षति पुग्यो। समयमा मल नपाउनु, सिँचाइको भरपर्दो व्यवस्था नहुनु, उत्पादन बढी हुँदा अति सस्तो मूल्यमा बिक्री गर्नुपर्दा राहत नपाउनु, तरकारी खेतीका लागि कृषि प्रविधिसम्बन्धी पर्याप्त तालिम नपाउदा तरकारी खेतीतर्फ किसान निराश हुँदै तरकारीको पकेट क्षेत्रमा पनि उखुखेती गर्न थालिएको लहान -१३ का कृषक सत्य नारायण यादवले सुनाउनुभयो।

उहाँले भन्नुभयो, "तरकारी उत्पादनमा वृद्धि गर्न स्थानीय सरकारले आवश्यक सेवा सुविधा बजार व्यवस्थापन र शीत भण्डारको व्यवस्था गर्न कृषिमा बजेट विनियोजन दायरा बढाउन आवश्यक छ।" भारतीय बजारबाट लहान आइपुग्ने तरकारी ठाडी भन्सारमा विषादी जाँच गर्ने क्वारेन्टाइन नहुँदा तरकारीमा प्रयोग गरिएको विषादी सेवन गर्न बाध्य भएको उपभोक्ताहरुले गुनासो गर्दै आइरहेका छन्। उपभोक्ताहरुको गुनासोलाई कुनै कार्यान्वयन नभएपछि अब गुनासो गर्नु कुनै अर्थ नरहेको लहान २ का जितेन्द्र यादवले सुनाउनुभयो।

यता सीमा क्षेत्रमा रहेको ठाडी भन्सारका प्रमुख ठाकुरका अनुसार तरकारी जाँचको क्वारेन्टाइन स्थापना नहुँदा चेकजाँच गर्ने समस्या रहेको पत्राचार विभागमा गर्दै आइरहे पनि अहिलेसम्म व्यवस्थापन भएको छैन।

# पेट्रोलको मूल्य बढ्यो, डिजेल र मट्टीतेलको घट्यो



काठमाडौं, २९ मंसिर। नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ। निगमले मंगलबार (पुस १) बिहानदेखि लागु हुने गरी पेट्रोलको मूल्य लिटरमा दुई रुपैयाँले बढाएको छ। डिजेल र मट्टीतेलको मूल्य भने घटाइएको छ। डिजेल र मट्टीतेलको मूल्य लिटरमा चार रुपैयाँले घटाइएको हो। "निगम सञ्चालक समितिको मिति २०८२/०८/२९ को निर्णयानुसार १६ डिसेम्बर, २०२५ ( मिति २०८२/०९/०१ को बिहानदेखि लागु हुनेगरी साबिकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर डिजेल/मट्टितेलमा प्रतिलिटर रु ४ ले घटाइएको तथा पेट्रोलमा प्रतिलिटर रु २ ले बढाइएको छ," निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

मूल्य बढेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १५८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १६० रुपैयाँ र तेस्रो वर्गका लागि १६१ रुपैयाँ तोकिएको छ। निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो र काठमाडौं, पोखरा र दीपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ।

# कम मूल्यमा धान बिक्री गर्न बाध्य सप्तरीका किसान

**सुधा देव**

सप्तरी, २९ मंसिर। सप्तरीका किसानहरूले नेपाल सरकारले तोकेकोभन्दा कम मूल्यमा धान बेच्न बाध्य भएका छन्। व्यापारीहरूले किसानहरूसँग सस्तोमा धान किनेर महँगोमा बेच्दै आएकाले सप्तरीका किसानहरू मारमा परेका हुन्। नेपाल सरकारले मोटो धानको खरिद मूल्य तीन हजार चार सय र पातलो धानको खरिद मूल्य तीन हजार ६ सय रूपियाँ प्रति क्विन्टल निर्धारण गरे पनि व्यापारीहरूले किसानहरूसँग सस्तोमा किनेर महँगोमा बेच्न थालेपछि किसानहरू मारमा परेको राजविराज नगरपालिका १ की नविता चौधरीले बताउनुभयो।

उहाँले भन्नुभयो, "किसानले लाखौं लगानी गरेर खेती गरेका छन्। धान भित्र्याएपछि खेती गर्ने बेलामा भएको खर्च सल्टाउनुपर्ने हुन्छ। किसान धान बेच्न व्यापारीकहाँ जाँदा सकेसम्म कम मूल्यमा धान किन्ने प्रवृत्तिका कारण जिल्लाका किसानहरू मारमा परेका छन्।" यसपालि खडेरी र बेमौसमी धान उत्पादन गर्न बाध्य भएका किसानहरूले धान खेती गर्न गत वर्षहरूको तुल्नामा बढी खर्च र परिश्रम गरेप नि सस्तोमा धान बिक्री गर्न बाध्य हुनुपर्दा किसानहरू मारमा परेको राजविराज नगरपालिका १ का सोमन यादवले बताउनुभयो।

उहाँले भन्नुभयो, "समयमा बर्खा र सिँचाइ नहुँदा पानीको समस्याका कारण भदौ महिनामा धान रोप्न बाँध्य भयौ। महिनाको दुई पटक प्रतिकट्ठा तीन सय रूपियाँको दरले दुई बिघा पटाउनुपर्ने बाध्यता थियो।" धान उत्पादन गर्न खर्च बढी भए पनि धानको मूल्यभन्दा दुई हजार पाँच सयदेखि दुई हजार ७ सय रूपियाँ प्रति क्विन्टल धान बिक्री गर्न किसान बाध्य भएको उहाँले बताउनुभयो। सरकारले किसानको परिश्रमलाई मूल्यांकन नगरेको र किसानको समस्या प्रति चाँसो नदेखाएकै कारण किसानलाई एकपछि अर्को समस्या थपिदै आएको गुनासो उहाँको छ।

धान खरिदबिक्री गर्ने व्यापारीले सरकारले निर्धारण गरेको धानको मूल्य अनुसार मोटो र पातलो धानको चामलको मूल्य निर्धारण नगर्दा चामल बिक्रीको मूल्य अनुसार धान खरिद गर्दै आएको धान व्यापारी रामप्रसाद यादवले बताउनुभयो।

सरकारले धानको मूल्य निर्धारण नेपाल सरकारले न्यूनतम समर्थन मूल्य (मिनिमम सपोर्ट प्राइस) लागतको आधारमा प्रत्येक वर्ष तोक्दै आए अनुसार यस वर्ष पनि मोटे धानको मूल्य प्रति क्विन्टल तीन हजार चार सय र पातलो धानको मूल्य तीन हजार छ सय निर्धारण गरे पनि अहिले जिल्लाका किसानले मोटे धान प्रति क्विन्टल दुई हजार पाँच सय र मसिनो धान प्रति क्विन्टल दुई हजार सात सयमा बिक्री हुँदै आएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतले बताउनुभयो।

गरेर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई धान किन्ने जिम्मा दिएपनि कम्पनीले लक्ष्य अनुसार सीमित मात्र धान किन्नाले किसानहरू मारमा पर्न बाध्य भएको उहाँले बताउनुभयो। जिल्लामा राइस मिलहरू सञ्चालनमा रहेको बेला जिल्लाका किसानले धानको मूल्य पाउँदै आएका थिए। तर माओवादी द्वन्द्व कालमा जिल्लाको एक दर्जनभन्दा बढी राइस मिलहरू बन्द भएपछि ससाना व्यापारीलाई किसानले सस्तोमा धान बेच्न बाध्य हुनुपरेको प्रमुख राउतले बताउनुभयो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)